त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा
बल्खु

## वार्षिक तथा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत विज्ञान तर्फ स्नातक तथा स्नातकोत्तर तहको मौका परीक्षाको लागि परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयद्वारा संचालन भएको चार वर्षे स्नातक तह र स्नातकोत्तर तहको सेमेष्टर तथा वार्षिक परीक्षा प्रणाली अन्तर्गत विज्ञान तर्फ विभिन्न विषयहरु (गणित प्राइभेट समेत) अध्ययन गरी उत्तीर्ण हुन नसकेका **वार्षिक प्रणाली अन्तर्गत २०५६ सालमा प्रथम पटक प्रथम वर्षको परीक्षामा सामेल भएका र सेमेष्टर प्रणाली अन्तर्गत स्नातक र स्नातकोत्तर तहका समय सिमा कटेका परीक्षार्थीहरुलाई अन्तिम एक पटकका लागि मात्र काठमाडौंमा परीक्षा केन्द्र कायम गरी मौका परीक्षाको व्यवस्था गर्न त्रि.वि., प्राज्ञिक परिषदको मिति २०८१।१०।२५ को पत्रानुसार स्वीकृती भई आएकोले** वार्षिक परीक्षा प्रणाली अन्तर्गत **स्नातकोत्तर तहको विज्ञान तर्फ विभिन्न विषयहरुको प्रथम तथा दोश्रो वर्ष (गणित प्राइभेट समेत)** तथा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत **स्नातकोत्तर तह प्रथम वर्ष प्रथम शत्र देखि दोश्रो वर्ष चौथो शत्र र स्नातक तह प्रथम वर्ष प्रथम शत्र देखि चौथो वर्ष आठौं शत्र सम्मको** मौका परीक्षाको **(सैद्धान्तिक विषयहरु, प्रयोगात्मक विषयहरु, टर्मपेपर, थेसिस, फिल्डवर्क, सेमिनार, प्रोजेक्ट, इन्टर्नसिप ईत्यादी)** आवेदन फाराम २०८१ साल चैत्र ४ गते सम्ममा वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित विभाग/क्याम्पस/कलेजहरुले फारामहरु रुजु गरी मिति २०८१ साल चैत्र ६ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा वुझाउन पर्नेछ ।

**१. परीक्षा आवेदन फाराम सम्बन्धमा :**

क) प्रथम तथा दोश्रो वर्षको प्रथम पटक (नियमित) र अन्तिम पटक परीक्षा दिएको लव्धांक पत्रको फोटोकपी फाराम साथ अनिवार्य पेश गर्नु पर्नेछ र सम्वन्धित केन्द्रीय विभाग, क्याम्पस र कलेजले सक्कल लव्धांक पत्र अनुसार फाराम भरे नभरेको रुजु गरी परीक्षा आवेदन फाराम मात्र यस कार्यालयमा पठाउनु पर्नेछ।

ख) परीक्षा आवेदन फाराममा त्रि.वि.अन्तर्गतका नियमहरु तथा पाठ्यक्रमले तोके बमोजिमका विषयहरु मात्र भर्नु /भराउनु पर्नेछ र परीक्षा पनि सोही अनुसार दिनु पर्नेछ। यसमा अन्यथा हुन गई परीक्षा रद्द भएमा वा ट्रान्सकृप्ट लिनबाट बन्चित हुन गएमा परीक्षार्थी स्वयम् वा क्याम्पस नै जिम्मेवार हुनेछन्।

ग) **सैद्धान्तिक विषयहरु लगायत प्रयोगात्मक विषयहरु, टर्मपेपर, थेसिस, फिल्डवर्क, सेमिनार, प्रोजेक्ट, इन्टर्नसिप ईत्यादि परीक्षा फाराम भराउँदा अनिवार्य रुपमा फाराममा उल्लेख गर्नु पर्नेछ।**

**२. परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित विभाग/क्याम्पस/कलेजहरुले ध्यान दिनु पर्ने कुराहरु :**

क) **वार्षिक प्रणाली अन्तर्गत प्रथम तथा दोश्रो वर्षको आंशिक परीक्षा दिने विद्यार्थीहरुको परीक्षा फाराम एउटै फाराममा भरी पठाउनु पर्नेछ ।**

ख) **सेमेष्टर प्रणाली अन्तर्गत आंशिक परीक्षा दिने विद्यार्थीहरुको प्रत्येक सेमेष्टरको परीक्षा फाराम छुट्टाछुट्टै भरी पठाउनु पर्नेछ ।**

ग) म्याद नाघि आएका फाराममा विलम्ब शुल्क लाग्ने भएकोले तोकिएको म्याद भित्र यस कार्यालयमा आई पुग्ने गरी परीक्षा फाराम भराई पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

घ) परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत परीक्षार्थी संख्या सम्बन्धित क्याम्पस/कलेजले (Subjectwise - data) परीक्षा आवेदन फाराम साथ पठाउनु पर्नेछ।

ङ) परीक्षा आवेदन फाराममा भरेका आवश्यक विवरणहरु ठीकसंग उल्लेख भए नभएको रुजु गर्नु पर्नेछ।

- त्रि.वि.दर्ता नं र सो अनुसार फाराममा नाम भर्नु पर्नेछ।
- परीक्षा दिनु पर्ने विषयहरु ठीकसंग भरेको हुनु पर्नेछ।
- विद्यार्थीहरुले प्रथम पटक परीक्षा दिएको रोल नं., वर्ष र अन्तिम पटक दिएको परीक्षा रोल नं., वर्ष अनिवार्य रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
- प्रयोगात्मक र शैद्धान्तिक विषयहरु फाराममा वेग्ला वेग्लै उल्लेख गरेको हुनु पर्नेछ।

३. **परीक्षा शुल्क** :

१. **वार्षिक प्रणाली :**

| | नियमित | प्राइभेट |
|---|---|---|
| क. प्रति खण्ड शुल्क (मौका परीक्षा) | २०००।- | ४०००।- |
| ख परीक्षा आवेदन फाराम शुल्क | १००।- | १००।- |
| ग. केन्द्र शुल्क प्रति खण्ड | १५०।- | १५०।- |

२. **सेमेष्टर प्रणाली :**

क) प्रति शत्र परीक्षा शुल्क (मौका परीक्षा) (स्नातक तथा स्नातकोत्तर) २,५००।-

४. **विलम्व शुल्क** :

परीक्षा फाराम भर्ने म्याद सकिएको मितिले एक हप्ता सम्म प्रति खण्ड दोब्बर शुल्क तिरी परीक्षा फाराम भर्न सकिने छ।

५. **प्रयोगात्मक परीक्षा** :सैद्धान्तिक परीक्षा सुरु हुनु भन्दा २ हप्ता अगाडि नै प्रयोगात्मक विषयहरुको परीक्षा सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस र कलेजले सम्पन्न गरी परीक्षा शाखामा पठाउनु पर्नेछ।

६. **परीक्षा शुल्क बुझाउने सम्बन्धमा** :

क) काठमाडौं उपत्यका भित्रका केन्द्रीय विभाग । क्याम्पस । कलेजहरु र उपत्यका वाहिरका क्याम्पसहरुले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई विज्ञान डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल वैंक लिमिटेडको चल्ती हिसाव नं. ०४५००१०००९९१०७०००००१ मा जम्मा हुने गरी चेक वा ड्राफ्ट बनाई पठाउनु पर्ने छ।

ख) प्राइभेट परीक्षार्थीहरुले परीक्षा शुल्क वापत वुझाउनु पर्ने रकम कीर्तिपुर स्थित नेपाल बैंक लिमिटेडमा रहेको विज्ञान डीनको कार्यालयको चल्ती हिसाव नं. ०४५००१०००९९१०७०००००१ मा रकम जम्मा गरी सो को भौचर फाराम साथ पेश गर्नु पर्नेछ।

७. **परीक्षा केन्द्र : पछि तोकिने छ।**

**द्रष्टव्य :-**

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्वन्धी प्रावधान हटाइएको छ।
* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने व्यवस्था गर्ने।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ। साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ। अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन।

मिति : २०८१।११।०२

सहायक डीन